COA
Council on Aging

# कार्यक्रम तथा सेवाहरूसम्बन्धी निर्देशिका

आत्म निर्भरता। स्रोतहरू। जीवनको गुणस्तर।

## काउन्सिल अन एजिङ बारेमा

बट्लर, क्लेरमन्ट, क्लिन्टन, ह्यामिल्टन तथा वारेन काउन्टीहरूको क्षेत्रीय एजेन्सी अन एजिङका रूपमा, हाम्रो लक्ष्य भनेको विभिन्न गुणस्तरीय सेवाहरूको माध्यमबाट मानिसहरूलाई आत्मनिर्भर बन्न सहायता गर्दै उनीहरूको जीवनमा सुधार ल्याउनु हो।

हाम्रा कार्यक्रम तथा सेवाहरूमा निम्नानुसार पर्छन्:

- इन-होम हेरचाह तथा सहायताप्राप्त जीवन यापन
- हेरचाहको परिवर्तन
- जानकारी तथा मार्ग-दर्शनका लागि कल सेन्टर
- हेरचहकर्ताहरूका लागि सुझाव तथा स्रोतहरू



*हामी व्यक्तिहरूलाई निम्न कुरामा मद्दत गर्छौं...*

### आफ्नो घर तथा समुदायहरूमा बस्न

खाना, यातायात, घरायसी सरसफाइ तथा व्यक्तिगत हेरचाहजस्ता किफायती सेवाहरूले ज्येष्ठ नागरिक तथा असक्षमता व्यक्तिहरूलाई आफ्नै घर र समुदायमा सुरक्षित र स्वतन्त्र रूपमा बस्न मद्दत गर्छ।

### घरमै स्वस्थ रहनुहोस्

कुनै दीर्घकालीन रोग नियन्त्रण गर्न वा अस्पताल वा नर्सिङ होमबाट घर जान तयार हुनुहुन्छ? हामी सकुशलता कार्यक्रम तथा ट्रान्जिसनल केयर सेवाहरू प्रदान गर्छौं, यसले मानिसहरूलाई सर्वाधिक सहज हुने ठाउँ अर्थात् घरमा दीर्घकालीन स्वास्थ्य तथा दीर्घकालीन हेरचाह आवश्यकताहरूको व्यवस्थापन गर्न मद्दत गर्छ।

**हामीलाई सम्पर्क गर्नुहोस्**

(513) 721-1025
(800) 252-0155
www.help4seniors.org

### जानकारी तथा स्रोतहरूसँग जोडिनुहोस्

आवास, हेरचाह वा हेरचाह विकल्पहरूका बारेमा अलमल्ल पर्नुभएको छ? क्षेत्रीय स्रोतहरूका बारेमा निष्पक्ष जवाफ, सुझाव तथा तिनीहरूसँग जोडिनका लागि हामीसँग सुरुवात गर्नुहोस्।

## हामी नवप्रवर्तक हौँ।

हाम्रो गैरनाफामूलक सहायक कम्पनी, home52 मार्फत, हामी नवप्रवर्तनीय सामुदायिक हस्तक्षेप, हेरचाह व्यवस्थापन, यातायात र अन्य समाधानहरू विकास गर्छौं र विभिन्न स्वास्थ्य हेरचाह क्षेत्रहरूमा रहेका सम्भावित पार्टनर लाई प्रस्ताव गर्छौं। काउन्सिल अन एजिङ र home52 मिलेर व्यक्ति, परिवार तथा हेरचाहकर्ताहरूलाई जटिल चिकित्सा तथा दीर्घकालीन हेरचाहसम्बन्धी आवश्यकताहरू व्यवस्थापन गर्न मद्दत गर्ने विशेषज्ञ हुन्।

home52

# काउन्सिल अन एजिङका

*हामी प्रत्येक दिन हाम्रो समुदायमा...*

हाम्रा कार्यक्रम र सेवाहरूले ज्येष्ठ नागरिक, असक्षमता व्यक्ति, परिवार तथा हेरचाहकर्ताहरूको मूल्यवान र छनौटको अधिकारलाई कायम राख्छन्। हाम्रो बहु-काउन्टी क्षेत्रभरि हाम्रो उपस्थिति अस्पताल, नर्सिङ होम, सहायताप्राप्त जीवनयापन सुविधास्थल तथा हजारौँ घरहरूमा छ।

कमजोर ज्येष्ठ नागरिक तथा असक्षमता व्यक्तिहरूलाई विविध प्रकारका ुइन-होम हेरचाह कार्यक्रम तथा सेवाहरूका माध्यमबाट रक्षा गरिन्छ।

घर तथा समुदायमा-आधारित दीर्घकालीन हेरचाहका सेवाहरू उपलब्ध गर्ने उद्देश्यले स्थानीय व्यवसाय तथा मुनाफा रहित संस्थानहरूसँग सम्पर्क गरिन्छ।

ज्येष्ठ नागरिक, असक्षमता व्यक्ति, हेरचाहकर्ता तथा पेसेवरहरूलाई निष्पक्ष जानकारी, सुझाव तथा सिफारिसमा जोड्छ।

घरमा उपलब्ध गराइने तथा सामूहिक खाद्य कार्यक्रमहरूका माध्यमबाट जोखिमपूर्ण ज्येष्ठ नागरिकको पोषण आवश्यकताहरूको पूर्ति गर्ने हुनुपर्छ।

नवप्रवर्तनीय यातायात सेवामार्फत ज्येष्ठ नागरिक तथा असक्षमता व्यक्तिहरूका लागि हेरचाहको निरन्तरता र सामाजिक कल्याणलाई सहायता गर्नुहोस्।

अस्पताल तथा नर्सिङ होमका बिरामीहरूलाई सहयोगात्मक, ट्रान्जिसनल केयर कार्यक्रमहरूका माध्यमबाट घर तथा समुदायमा आधारित सेटिङहरूमा पुनः आत्मनिर्भरता प्राप्त गर्न मद्दत गर्छ।

# सामान्य कार्यक्रम र सेवाहरूका बारेमा

### एजिंग तथा असक्षमता स्रोत केन्द्र (ADRC)

कार्यदिनमा बिहान 8 बजेदेखि साँझ 5 बजेसम्म फोनमार्फत उपलब्ध हुन्छ, ADRC का कर्मचारीहरूले सिफारिसहरू लिन्छन् र COA अन्तर्गतका कार्यक्रम तथा सेवाहरूका लागि योग्य हुन सक्ने व्यक्तिहरूका लागि फोनद्वारा परीक्षणहरू सञ्चालन गर्छन्। यसका साथै, ज्येष्ठ नागरिक, असक्षमता व्यक्ति, हेरचाहजकर्ता तथा पेशेवर व्यक्तिहरूले निम्न विषयमा निष्पक्ष जवाफ, जानकारी तथा सुझावका बारेमा ADRC मा सम्पर्क गर्न सक्छन्:

- आवास तथा नर्सिङ होमहरू
- आर्थिक सहायता, Medicare तथा अन्य सुविधाहरू
- असक्षमता व्यक्ति वा मानसिक स्वास्थ्य आवश्यकताहरूका बारेमा स्रोतहरू
- हेरचाहकर्ताको सहायता
- दीर्घकालीन हेरचाहका विकल्प तथा योजना
- शिक्षा तथा मनोरञ्जनका क्रियाकलापहरू

हाम्रो विस्तृत अनलाइन स्रोत निर्देशिका र अनलाइन सिफारिस फारम हाम्रो वेबसाइटमार्फत दिनको 24 घण्टा, हप्ताको सातै दिन उपलब्ध छन्। समयको सदुपयोग गर्न यहाँ रहनुहोस्!


मुख्य कार्यालय
(513) 721-1025 वा (800) 252-0155
4601 Malsbary Road Blue Ash, OH 45242
www.help4seniors.org

क्लिन्टन काउन्टी कार्यालय
2333 Rombach Ave.
Wilmington, OH 45177
(937) 584-7200

home52
www.home52.org

Help4Seniors
Help_4_Seniors
Help4Seniors
Help_4_Seniors

# सामान्य कार्यक्रम तथा सेवाहरू

## वकालत

हामी ज्येष्ठ नागरिक, असक्षमता व्यक्ति तथा हेरचाहकर्ताहरूको स्वतन्त्रता, मूल्यवान र सहजताको प्रवर्द्धन गर्छौं। हामी हरेक दिन व्यक्तिहरूले सुरक्षित रूपमा जीवनयापन गर्न, समुदायमा सक्रिय रूपमा सहभागी हुन तथा आफूले घर ठान्ने समुदायमै समृद्ध जीवन बिताउन आवश्यक सेवा, सहयोग र अवसरहरूमा पहुँच प्राप्त गर्न सकून् भन्ने सुनिश्चित गर्न काम गर्छौं।

तपाईंको आवाज र सहभागिता महत्त्वपूर्ण छ। ज्येष्ठ नागरिक तथा हेरचाहकर्ताहरूका लागि सहयोगलाई अझ सुदृढ बनाउने नीति, कार्यक्रम र स्रोतहरूको पक्षमा वकालत गर्न हामीसँग सहभागी हुनुहोस्। सहभागी हुनुहोस् – थप जान्नुहोस्, स्वयंसेवक बन्नुहोस् वा आजै आफ्नो आवाज उठाउनुहोस्। हामी सबै मिलेर सबैका लागि ◌्थाएजिङलाई अझ राम्रो बनाउन सक्छौँ। काउन्सिल अन एजिङको वेबसाइटमा थप जान्नुहोस्।



## सामुदायिक पहुँच

काउन्सिल अन एजिङको सामुदायिक पहुँच कार्यक्रमले व्यक्तिहरूले निम्न कार्यहरू गर्न सकून् भनेर व्यक्तिहरूलाई हाम्रा कार्यक्रमू र सेवाहरूबारे जानकारी प्रदान गर्ने कार्यमा केन्द्रित छ:

- हाम्रो समुदायमा उपलब्ध सेवाहरूको विस्तृत दायराका बारेमा थप जानकारी प्राप्त गर्नुहोस् र
- सेवाहरूका लागि सिफारिस गर्न अझ राम्रोसँग तयार हुनुहोस्।

काउन्सिल अन एजिङका पहुँच प्रतिनिधिहरूले प्रस्तुतीकरण र सूचना तालिकाहरूसहित विभिन्न गतिविधिहरूमार्फत हाम्रो सेवा क्षेत्रभरि जानकारी, शिक्षा र स्रोतहरू उपलब्ध गराउँछन्।

थप जानकारी प्राप्त गर्न वा आफ्नो कार्यक्रममा काउन्सिल अन एजिङको सहभागिताका लागि अनुरोध गर्न, काउन्सिल अन एजिङको वेबसाइटमा गएर हेर्नुहोस्।

## हेरचाहकर्ताको सहायता

परिवार वा स्वयंसेवक हेरचाहकर्ताहरूका लागि निःशुल्क सहायता र स्रोतहरूसँग जोडिने। निश्चित परिस्थितिहरूमा, कार्यक्रमअन्तर्गत हेरचाहकर्ताहरूले विश्राम लिन सकून् भन्नका लागि रातभरि हेरचाह पनि प्रदान गर्न पनि सकिन्छ।

कार्यक्रमले हेरचाहकर्ताहरूलाई निम्न कुरामा मद्दत गर्न काम गर्छ:

- मानसिक चाप, बोझ तथा चोटहरूमा कमी ल्याउन
- आत्मविश्वास तथा ज्ञानमा वृद्धि गर्न
- हेरचाहको गुणस्तरमा सुधार गर्न
- उनीहरूको जीवन र हेरचाह प्रदान गर्ने जिम्मेवारीहरूबिच सन्तुलन बनाउन
- मानसिक रोग वा डिमेन्सिया भएका व्यक्तिलाई हेरचाहप्रदान गर्नबाट विश्राम लिन

योग्यता:

- हेरचाहकर्ता वा हेरचाह प्राप्तकर्ताको उमेर 60 वर्षभन्दा बढी हुनुपर्छ
- हेरचाहकर्ता बट्लर, क्लेरमन्ट, क्लिन्टन, ह्यामिल्टन वा वारेन काउन्टीहरूमा बसोबास गर्नुपर्छ।
- मानसिक रोग वा न्यूरोलोजिकल र अर्गानिक मस्तिष्क विकारसँग सम्बन्धित अन्य विकार भएका व्यक्तिहरूको हेरचाह गर्ने पारिवारिक हेरचाहकर्ताहरूका लागि उमेरको मापदण्ड छुट गरिएको छ।



## STEPS to Stability

ज्येष्ठ नागरिकहरूको आफ्नै घर र समुदायमा स्वतन्त्र रूपमा बसोबास गर्न असर पार्न सक्ने सामान्य, एकपटक आवश्यकताहरूलाई सम्बोधन गर्न मद्दत पुर्‍याउने उद्देश्यले काउन्सिल अन एजिङद्वारा STEPS to Stability कार्यक्रमको सिर्जना गरिएको हो।

समुदायको आवश्यकता र बजेटको उपलब्धताका आधारमा नामाङ्कन, योग्यता र सेवासम्बन्धी नियमहरू बारम्बार परिवर्तन भइरहन्छन्। सामान्य सेवाहरूमा उपयोगितासम्बन्धी भुक्तानी सहायता र घर मर्मत सेवा समावेश छन्। Steps to Stabilityसम्बन्धी अप-टु-डेट जानकारीका लागि, काउन्सिल अन एजिङको वेबसाइटमा गएर हेर्नुहोस्।

# सामान्य कार्यक्रम तथा सेवाहरू

## स्वास्थ्य तथा स्वास्थ्यता कार्यशालाहरू

काउन्सिल अन एजिङले सुविधाजनक सामुदायिक स्थानहरूमा ◌ज्येष्ठ नागरिकहरू र हेरचाहकर्ताहरूका लागि विभिन्न निःशुल्क, रमाइला र सहयोगी कार्यशालाहरू प्रदान गर्छ।* सहभागीहरूले जीवनलाई पूर्ण रूपमा जिउने रणनीतिहरू सिक्छन्, जस्तै:

- मुटु रोग, मधुमेह, COPD स्वस्थकर खानासहित दीर्घकालीन स्वास्थ्य अवस्थाहरू व्यवस्थित गर्ने
- स्वस्थ खानपान
- निराशा, थकान र एक्लोपन व्यवस्थापन गर्ने◌
- शक्ति, लचकता र लड्नबाट जोगिन व्यायाम, शारीरिक सन्तुलन र गतिशीलता
- परिवार, साथी तथा चिकित्सकहरूसँग सञ्चारमा सुधार गर्ने
- हेरचाहकर्ताको सहायता
- लक्ष्य र थप कुरा तय गर्ने

काउन्सिल अन एजिङको वेबसाइटमा कार्यशालाका विवरण र तालिकाहरू फेला पार्नुहोस्।

*रकमको उपलब्धतामा आधारित।

---

## पोषण कार्यक्रमहरू

पोषण कार्यक्रमहरूमा कसरी सहभागी हुने भन्ने बारेमा जानकारी काउन्सिल अन एजिङको वेबसाइटमा पाउन सकिन्छ।

- *USDA ज्येष्ठ किसानको बजार कार्यक्रम*: मौसमी रूपमा उपलब्ध हुने यो संघीय रूपमा वित्तपोषित कार्यक्रमले किसानको बजार र सडक छेउको उत्पादन स्टयान्डहरूमा रिडिम गर्न योग्य कम आम्दानी भएका ज्येष्ठ नागरिकरूलाई कुपनहरू प्रदान गर्छ। नामाङ्कन गर्ने तरिकासम्बन्धी जानकारी काउन्सिल अन एजिङको वेबसाइटमा उपलब्ध छ।
- *सामूहिक भोजन*: ओल्डर अमेरिकन्स एक्ट द्वारा वित्तीय सहयोग प्राप्त, सामूहिक भोजनले समूहमा सुरक्षित र पौष्टिक भोजन उपलब्ध गराउँछ, यसले सहभागीहरूको स्वास्थ्यलाई कायम राख्छन र सुधार गर्छ तथा सामाजिकीकरणलाई प्रवर्द्धन गरेर एक्लोपनलाई कम गर्छ। भोजनहरू 60 वर्षभन्दा बढी उमेरका वयस्कहरूका लागि खुला छन् र सुविधाजनक स्थानहरूमा उपलब्ध गराइन्छ, यसमा पुस्तकालय, वृद्ध तथा सामुदायिक केन्द्र, चर्च र अन्य स्थानहरू पर्छन् ◌्।

# घर तथा समुदायमा आधारित कार्यक्रमहरू

## ESP (गैर-Medicaid)

काउन्टी कर लेभीद्वारा वित्तपोषित ESP ले परिवार तथा साथीहरूद्वारा पहिले नै प्रदान गर्न सकिने हेरचाहमा विस्तार गर्दै ज्येष्ठ नागरिकहरूलाई उनीहरूको घरमा सुरक्षित तथा आत्मनिर्भर रहन सहयोग गर्छ।

विशिष्ट सेवाहरूका लागि योग्यता इन-होमै मूल्याङ्कनको अवधिमा निर्धारण गरिन्छ र यसमा निम्न समावेश हुन सक्छन्:

- हेरचाह व्यवस्थापन
- खाना/पोषण
- स्वास्थ्य उकपरण
- घर परिमार्जन
- यातायात
- आपत्कालीन प्रतिक्रिया प्रणाली
- घरको व्यवस्थापन तथा व्यक्तिगत हेरचाह
- आफ्नै कामदारहरू नियुक्त गर्ने क्षमता – AddnAide द्वारा सञ्चालित
- ट्रान्जिसनल केयर (पृष्ठ 6 हेर्नुहोस्)

**योग्यता:**

- बटलर, ह्यामिल्टन, वारेन काउन्टी: 65 वर्षभन्दा बढी; क्लिन्टन काउन्टी: 60 वर्षभन्दा बढी
- 2 वा सोभन्दा बढी *दैनिक जीवनयापन क्रियाकलापहरू* (ADL) र/वा *दैनिक स्वतन्त्र जीवनयापनका साधनात्मक गतिविधिहरू* (IDL) मा सहायता आवश्यक पर्ने (पृष्ठ 8 हेर्नुहोस्)
- रकम उपलब्धताको सीमितताका कारण केही काउन्टीहरूमा नामाङ्कन सीमित गर्ने अतिरिक्त आवश्यकताहरू हुन सक्छन्।
- ESP अन्तिम रिसोर्टको भुक्तानीकर्ता हो र यसले तपाईं Medicaid, Medicare वा निजी बीमाजस्ता अन्य भुक्तानकर्तामार्फत तपाईं योग्य हुन सक्ने सेवाहरूका लागि भुक्तानी गर्ने छ/सेवाहरू उपलब्ध गराउने छ
- केही सेवाग्राहीहरूले आफ्नो आम्दानी, सम्पत्ति र हेरचाह योजनाका आधारमा (भोजन बाहेक) लागतको केही हिस्सा व्यहोर्नुपर्ने हुन सक्छ



*विशेष कर लेभीद्वारा ESP सेवाहरूको रकम प्रदान गरिएको छ। ESP ले परिवारहरूद्वारा उपलब्ध हेरचाहको प्रतिस्थापन गर्दैन तर परिवारले सक्षम गर्न नसक्ने आवश्यक अतिरिक्त हेरचाहको सुनिश्चित गर्ने छ। ESP ले पारिवारिक सदस्यहरूको हेरचाह गर्न परिवारहरूले सम्भव भएसम्मो पूर्ण हदसम्म जिम्मेवारी लिने अपेक्षा राख्छ।*

# घर तथा समुदायमा आधारित कार्यक्रमहरू

## PASSPORT (Medicaid)

Medicaid का लागि योग्य ज्येष्ठ नागरिकहरूले नर्सिङ होमको सट्टामा आफ्ना घरहरूमा हेरचाह र सहयोग प्राप्त गर्न सक्छन्। सेवाहरू ESP जस्तै छन् (पृष्ठ 4 हेर्नुहोस्) तर यी अझ व्यापक छन् र यसमा निम्न सेवाहरू समावेश हुन सक्छन्:

- घरबाहिरको आराम
- तपाईंको आफ्नै कामदारहरूलाई नियुक्त गर्ने क्षमता (प्रतिबन्धहरू लागु हुन्छ)
- नर्सिङ
- स्वास्थ्यसम्बन्धी नगद खर्चहरूमा मद्दत
- नर्सिङ होमबाट घर फर्कनका लागि सहायता

योग्यता*:

- उमेर 60 वर्षभन्दा बढी
- न्यून आम्दानी (Medicaid का लागि योग्य)
- नर्सिङ होम स्तरको हेरचाह आवश्यक पर्ने: कम्तीमा 2 वटा ADL र 3 वटा IADL मा सहायता (पृष्ठ 8 हेर्नुहोस्)
- विशिष्ट सेवाहरूका लागि योग्यता इन-होमै भेटको अवधिमाा हेरचाह व्यवस्थापकद्वारा निर्धारण गरिन्छ

---

## Assisted Living Waiver (Medicaid)

PASSPORTभन्दा बढी हेरचाह आवश्यक पर्ने तर नर्सिङ होम आवश्यक नपर्ने व्यक्तिहरूका लागि विकल्प। Medicaid-योग्य वयस्कहरूका लागि स्वीकृत सहायताप्राप्त जीवनयापन सुविधास्थलहरूमा हेरचाह उपलब्ध गराउँछ।

सेवाहरू PASSPORT/ESP सेवा कार्यक्रम एउटै छन् तर निम्न कुराहरू समावेश हुन सक्छ:

- 24/7 अन-साइट प्रतिक्रिया
- सामाजिक क्रियाकलापहरू
- अन्य Medicaid का लाभहरू

योग्यता*:

- उमेर 21 वर्षभन्दा बढी
- Medicaid का लागि योग्य (न्यून-आम्दानी) र कोठा र बस्ने पैसा तिर्न सक्ने
- नर्सिङ होम स्तरको हेरचाह आवश्यक पर्ने: कम्तीमा 2 वटा ADL र 3 वटा IADL मा मद्दता (पृष्ठ 8 हेर्नुहोस्)

*तपाईं हाल विकासात्मक असक्षमता (DD) छुटका सेवाहरू लिइरहनुभएको छ वा त्यसका लागि योग्य हुनुहुन्छ भने तपाईं यसका लागि योग्य नहुन सक्नुहुन्छ।

## PACE of Cincinnati (Medicare/Medicaid)

PACE of Cincinnati (ज्येष्ठ नागरिकका लागि सबै सेवा समेटिएको हेरचाह कार्यक्रम) ले ह्यामिल्टन काउन्टीका ज्येष्ठ नागरिकहरूलाई व्यक्तिगत, समन्वित तथा व्यापक हेरचाह सेवाहरू प्रदान गर्छ, यसको उद्देश्य उनीहरूलाई आफ्नै घरमा स्वतन्त्र रूपमा बसिरहन मद्दत गर्नु हो।

बहुविषयगत हेरचाह टोलीले सहभागीहरूको हेरचाह PACE दिन हेल्थ सेन्टर, सेवा प्रदायकका कार्यालय तथा घरलगायत विभिन्न स्थानहरूमा प्रदान गर्ने र समन्वय गर्ने गर्छ।

PACE ले Medicare र Medicaid अन्तर्गत समेटिएका सबै सुविधाृका साथै PACE कार्यक्रममा सहभागीहरूको स्वास्थ्य अवस्था कायम राख्न वा सुधार गर्न चिकित्सकीय रूपमा आवश्यक पर्ने अन्य सबै सेवा वा सहयोग पनि समेट्छ।

समावेश गर्न सक्ने सेवाहरू:

- चिकित्सकीय तथा विशेषज्ञ हेरचाह सेवा
- एडल्ट डे सेन्टर्ई
- दन्त, श्रवण तथा दृष्टिसम्बन्धी हेरचाह
- यातायात
- सामाजिक सेवाहरू
- थेरापी, मनोरञ्जन तथा गतिविधि
- औषधि तथा प्रयोगशालाका सेवाहरू
- स्वस्थ खाना
- इन-होमे हेरचाह
- अस्पताल तथा आपत्कालीन हेरचाह
- 24/7 फोन सहायता
- र थप

योग्यता:

- ह्यामिल्टन काउन्टीकाि्ट बासिन्दा:
- उमेर 55 वा सोभन्दा माथि
- नर्सिङ होम स्तरको हेरचाहका लागि योग्य्य
- PACE को सहयोगमा समुदायमा सुरक्षित रूपमा बस्न सक्षम



व्यक्तिहरूलाई योग्यता परीक्षण तथा नामाङ्ककन प्रक्रियाका लागि PACE मा सिफारिस गरिन्छ। खुलासा: आगामी नामाङ्कनकर्ताहरूलाई अझ राम्रो जानकारी प्रदान गर्न र PACE कार्यक्रममा नामाङ्कन गर्ने उनीहरूको निर्णयमा सहयोग गर्न, काउन्सिल अन एजिङ ले PACE of Cincinnati मा आफ्नो स्वामित्व हित रहेको जानकारी गराउन चाहन्छ।

# घर तथा समुदायमा आधारित कार्यक्रमहरू

### Next Generation MyCare (Medicare/ Medicaid)

असक्षमता व्यक्ति, ज्येष्ठ नागरिक तथा व्यवहारिक स्वास्थ्य सेवाहरू प्राप्त गर्ने व्यक्तिहरूसहित Medicare र Medicaid का लागि योग्य ओहायोका बासिन्दाहरूका लागि समन्वयित हेरचाह।

स्वीकृत म्यानेज-केयर योजनाले सदस्यहरूको चिकित्सा, व्यवहार र दीर्घकालीन हेरचाहसम्बन्धी आवश्यकताहरूलाई समन्वय गर्छ। Next Generation MyCare ले प्रदान गर्दछ:

- घरमै गरिने भेटघाटसहित हेरचाह व्यवस्थापन
- चिकित्सक र अस्पताल भेटघाट
- मानसिक स्वास्थ्यका सेवाहरू
- दीर्घकालीन हेरचाह सेवाहरू (घर,सहायताप्राप्ती बसोबास वा नर्सिङ होममा)
- सम्पूर्ण स्ट्यान्डर्ड Medicare/Medicaid का लाभहरू
- Medicare को अंशबाट बाहिरिने विकल्प



योग्यता:
तपाईं निम्नमध्ये हुनुहुन्छ भने नामाङ्कन (Medicaid को अंश) अनिवार्य छ:

- उमेर 21 वर्षभन्दा बढी, र
- Medicaid र Medicare दुवैका लागि योग्य

तपाईं योग्य हुनुहुन्छ भने तपाईंले ओहायो डिपार्टमेन्ट अफ Medicaid बाट कार्यक्रममा कसरी नामाङ्कन गर्ने र स्वास्थ्य योजना कसरी छनौट गर्ने भन्ने जानकारीसहितको पत्र प्राप्त गर्नु हुने छ।

ओहायो डिपार्टमेन्ट अफ Medicaid द्वारा प्रबन्ध गरिएको: (800) 324-8680 or www.ohiomh.com

Next Generation MyCare 2026 को अन्त्यसम्ममा राज्यभरि उपलब्ध हुने छ। यो कार्यक्रम COA को सेवा क्षेत्रमा पहिले नै उपलब्ध छ।

# ट्रान्जिसनल केयर

एउटा हेरचाह स्थानबाट अर्को हेरचाह स्थानमा सर्नु चुनौतीपूर्ण हुन सक्छ। COA ले व्यक्तिहरूलाई स्वतन्त्र जीवनयापनमा फर्कनमा मद्दत गर्न सहयोग प्रदान गर्छ।

### FastTrack Home

वयस्कले अस्पताल वा हेरचाह केन्द्र छोडेको केही समयपछि, सबैभन्दा आवश्यक पर्ने बेला आपत्कालीन प्रतिक्रिया प्रणाली, घरायसी सहयोग, घरमै भोजन वितरण, यातायात, चिकित्सकीय उपकरण तथा हेरचाह व्यवस्थापनजस्ता सेवाहरू प्रदान गर्छ। सुरक्षित पुनर्लाभमा सहयोग पुऱ्याउन अस्थायी रूपमा निःशुल्क सेवाहरू प्रदान गरिन्छ। FastTrack Home आम्दानीमा आधारित छैन।

योग्यता:
मूल्याङ्कनहरू अस्पताल/हेरचाह सुविधास्थलमा गरिन्छ। बिरामीहरू 65 वर्षभन्दा बढी उमेरको क्लिन्टन काउन्टीको निवासी वा 60 वर्षभन्दा बढी उमेरको बट्लर, ह्यामिल्टन वा वारेन्ट काउन्टीको निवासी हुनुपर्छ र:

- अस्पताल/हेरचाह सुविधाबाट डिस्चार्ज हुनु
- नुहाउने, गाडी चलाउने र खाना तयार पार्नेजस्ता दैनिक क्रियाकलापहरूमा मद्दतको आवश्यकता
- घरमै सुरक्षित रूपमा हेरचाह गर्न सकिने
- हेरचाह संयोजकको घरभेटघाट स्वीकार गर्नुहोस्
- रकम उपलब्धताको सीमितताका कारण केही काउन्टीहरूमा नामाङ्कन सीमित गर्ने अतिरिक्त आवश्यकताहरू हुन सक्छन्।

अस्थायी सेवाहरू समाप्त हुनुअघि, निरन्तर सहायता चाहिने FastTrack Homeका सेवाग्राहीहरूलाई अन्य COA कार्यक्रमहरूमा योग्यताका लागि मूल्याङ्कन गर्न सकिन्छ।



*"FastTrack Home ले मलाई मेरो जीवन पुनः लयमा फर्काउने प्रेरणा दिएको छ।"*

**-Terre**

# ट्रान्जिसनल केयर

### Care Transitions

Care Transitionsले COA हेरचाह म्यानेजरको मार्गदर्शनमार्फत ज्येष्ठ नागरिकहरूलाई अस्पताल वा दक्ष नर्सिङ सुविधाबाट सफलतापूर्वक घर फर्कन मद्दत गर्छ।

Care Transitions घरमा सफल रूपमा निको हुन मद्दतका लागि मार्गदर्शन आवश्यक पर्ने व्यक्तिहरूका लागि उपयुक्त छ।

हेरचाह व्यवस्थापकले सेवाग्राहीहरूलाई निम्न कुराहरूमा मद्दत गर्न कुनै शुल्क नलिई घरमै भेट्ने र तीन पटक फलो-अप फोन कल गर्ने समय मिलाउँछन्:

- औषधिहरूलाई अझ राम्रोसँग बुझ्ने र व्यवस्थापन गर्ने
- प्राथमिक हेरचाह चिकित्सक र विशेषज्ञहरूसँग फलो-अप अपोइन्टमेन्टहरू लिनुहोस्
- आफ्नो अवस्था बिग्रँदै गएको सङ्केत गर्ने चेतावनीमूलक लक्षणहरू पहिचान गरी तिनमा उचित प्रतिक्रिया जनाउनुहोस्
- चिकित्सककहाँको भेटमा लैजानुपर्ने जानकारी समेटिएको व्यक्तिगत स्वास्थ्य अभिलेख तयार पार्नुहोस्
- उनीहरूलाई आफ्नो स्वास्थ्य र आत्मनिर्भरता कायम राख्न मद्दत गर्न सक्ने सामुदायिक स्रोतसाधनहरूसँग जोड्नुहोस्



योग्यता:

- उमेर 60 वर्षभन्दा बढी
- बट्लर, क्लेरमन्ट, क्लिन्टन, ह्यामिल्टन वा वारेन काउन्टीका बासिन्दा
- अस्पताल वा दक्ष नर्सिङ सुविधाबाट डिस्चार्ज हुनु

# यातायात

ज्येष्ठ नागरिक तथा असक्षमताा व्यक्तिहरूलाई प्रायः विशेष यातायात सेवाहरूको आवश्यकता पर्छ; यसमा विशेष सवारी साधन, सहायक सामग्रीहरू तथा ढोकासम्मै पुग्ने र मागबमोजिम उपलब्ध हुने सेवाहरू समावेश हुन्छन्।

### home52 Transportation

home52 Transportation ले यो आवश्यकता पूरा गर्छ। यसले सोही दिनका वा अग्रिम रूपमा निर्धारित अपोइन्टमेन्टहरूका लागि घरको ढोकासम्म पुगेर प्रत्यक्ष सहयोगसहित यातायात सेवा प्रदान गर्छ, साथै, चालकहरूसँग वास्तविक समयमा ट्र्याकिङ र सञ्चार गर्ने सुविधा पनि उपलब्ध गराउँछ।

home52 Transportation ले राइडरहरू्लाई आफ्ना यातायातसम्बन्धी आवश्यकताहरू व्यवस्थापन गर्न थप स्वतन्त्रता र नियन्त्रण प्रदान गर्छ, यसअन्तर्गत उनीहरूले आफ्नै सवारीहरू अग्रिम रूपमा निर्धारण गर्ने सुविधा पनि पाउँछन्। राइडरहरूले आफ्ना निर्धारित यात्राहरूका बारेमा वास्तविक-समयको जानकारी पनि प्राप्त गर्छन्।

योग्य राइडरहरू:

- ह्यामिल्टन काउन्टिका ESP सेवाग्राहीहरू
- क्लेर्मन्ट काउन्टी जब तथा फ्यामिली सर्भिसेसि विभागमार्फत Medicaid सुविधा प्राप्त गर्ने 18 वर्षभन्दा बढीका वयस्कहरू
- असक्षमता वयस्क र ज्येष्ठ नागरिकहरू सीमित निःशुल्क अनुदान-वित्तपोषित यातायात सेवाका लागि योग्य हुन सक्छन् (उपलब्धताका लागि कल गर्नुहोस्)
- आफ्ना सदस्यहरूको यातायात व्यवस्थापन गर्न home52 सँग सम्झौता गरेका संस्थाहरूका सदस्य र/वा बिरामीहरू




**थप जानकारीका लागि वा राइडको समय तय गर्न (855) 546-6352 मा कल गर्नुहोस्।**

home52 Transportation, काउन्सिल अन एजिङको पूर्ण स्वामित्वमा रहेको सहायक संस्था home52 को सेवा हो।

# काउन्सिल अन एजिङमा कल गर्दा के अपेक्षा गर्ने

मानिसहरूले विभिन्न कारणहरूले गर्दा COA मा सम्पर्क गर्छन्। तपाईंलाई आवाससम्बन्धी प्रश्नहरू हुन सक्छन्, सुविधाहरूका लागि आवेदन दिन सहयोग चाहिन सक्छ वा स्वतन्त्र रूपमा बस्न चाहने आफ्ना प्रियजनका लागि इन-होम सहायता आवश्यक पर्न सक्छ।

कारण जे भए पनि, तपाईं एक जना जानकार कर्मचारीसँग कुरा गर्न सक्नुहुन्छ, उहाँले निष्पक्ष सल्लाह, जानकारी र स्रोतहरूसँग जोडिने सहायता प्रदान गर्नु हुने छ।

तपाईंले फोन गरेका बेला, हाम्रा प्रमाणित कल सेन्टर विशेषज्ञहरूले तपाईंको आवश्यकता र उपलब्ध कार्यक्रमहरूका लागि योग्यता निर्धारण गर्न मद्दत गर्ने प्रश्नहरू सोध्ने छन्।

तपाईंको कलका अवधिमा, तपाईंलाई सोध्न सकिने प्रश्नहरू:

- तपाईंको उमेर
- तपाईं कहाँ बस्नुहुन्छ
- तपाईंको मासिक आम्दानी
- तपाईंले व्यक्तिकगत खर्च कति गर्नुहुन्छ मासिक रूपमा स्वास्थ्यसम्बन्धी खर्च
- स्वास्थ्य बीमा र भूतपूर्व सैनिकका सुविधासहित तपाईंले प्राप्त गर्ने अन्य सुविधाहरूका बारेमा जानकारी
- तपाईं सहयोगविना केही निश्चित दैनिक गतिविधिहरू गर्न सक्षम हुनुहुन्छ वा हुनुहुन्न (दायाँ स्तम्भ हेर्नुहोस्)

प्रारम्भिक फोन कलको अवधिमा तपाईंलाई उत्तरहरू थाहा छैन भने पनि चिन्ता नगर्नुहोस्।

योग्यता परीक्षण प्रक्रियालाई अगाडि बढाउन फलो-अप फोन कल वा इन-होमै मूल्याङ्कनको समय निर्धारण गर्न आवश्यक पर्न सक्छ। वास्तवमा, धेरै कार्यक्रमहरूमा योग्यता निर्धारण गर्न तथा सेवाहरू सुरु गर्न स्वीकृति प्रदान गर्न इन-होमै मूल्याङ्कन आवश्यक हुन्छ। हाम्रा कर्मचारीहरूले तपाईंलाई यस प्रक्रियाबारे जानकारी दिनु हुने छ।

काउन्सिल अन एजिङद्वारा सञ्चालन गरिएका अधिकांश कार्यक्रमहरू करबाट सङ्कलित रकमबाट वित्तपोषित छन्। योग्यतासम्बन्धी आवश्यकताहरू, साथै योग्यता निर्धारण वा नामाङ्कनका लागि अनुरोध गरिने जानकारी, वित्तपोषण स्रोतद्वारा निर्धारण गरिन्छ।

# सेवाहरूका लागि आवेदन दिने तरिका

जानकारी र स्रोतहरू प्राप्त गर्न, सिफारिस गर्न वा कार्यक्रम तथा सेवाहरूका लागि आवेदन दिन हाम्रो वेबसाइटमा जानुहोस् वा हामीलाई कल गर्नुहोस्। तपाईंले हामीलाई कुन कार्यक्रम र सेवाहरूले तपाईंका आवश्यकताहरू राम्रोसँग पूरा गर्न सक्छन् भनी निर्धारण गर्नमा मद्दत गर्नका लागि आफ्ना हेरचाहका आवश्यकताहरूका बारेमा जानकारी उपलब्ध गराउनु हुने छ।

धेरैजसो अवस्थामा, योग्यता पुष्टि गर्न तथा सेवाहरूको स्वीकृति प्रदान गर्न इन-होमै मूल्याङ्कन आवश्यक हुन्छ।

### योग्यता आंशिक रूपमा व्यक्तिलाई निम्न कार्यहरूमा आवश्यक पर्न सक्ने सहयोगका आधारमा निर्धारण गरिन्छ:

- *दैनिक जीवनयापन क्रियाकलापहरू (ADLs):* नुहाउने; तयार हुने; हिँड्ने; ओछ्यानमा सुत्ने र उठ्ने, कुर्सी वा टबमा बस्ने वा उठ्ने; खाने; बाथरुम जाने

- *दैनिक स्वतन्त्र जीवनयापनका साधनात्मक गतिविधिहरू (IADLs):* जटिल स्वतन्त्र जीवनयापन सीपहरू, यसमा निम्न समावेश छन्: खाना तयारी; सरसफाइ र लुगा धुने; टेलिफोन तथा अन्य सञ्चार यन्त्रहरूको प्रयोग; यातायातको प्रयोग; कानुनी तथा आर्थिक मामिलाहरूको व्यवस्थापन; औषधि व्यवस्थापन




**काउन्सिल अन एजिङ निम्नद्वारा वित्तपोषित छ...**

काउन्सिल अन एजिङ एक गैर-नाफामूलक संस्था हो र यसले काउन्टी कर, Medicaid, अन्य राज्य तथा सङ्घीय कोष, अनुदान, सेवाग्राहीहरूको योगदान तथा दानलगायत विभिन्न स्रोतहरूबाट वित्तपोषण प्राप्त गर्छ।

# महत्त्वपूर्ण फोन नम्बरहरू

Pro Seniors
(513) 345-4160
(800) 488-6070
www.proseniors.org

Legal Aid
(513) 241-9400
(800) 582-2682
www.lascinti.org

Ohio Department of Medicaid
(800) 324-8680
www.ohiomh.com

County Departments of Job and Family Services

- बट्लर काउन्टी (513) 887-5600
- क्लेर्मन्ट काउन्टी (513) 732-7111
- क्लिन्टन काउन्टी (937) 382-0963
- ह्यामिल्टन काउन्टी (513) 946-1000
- वारेन काउन्टी (513) 695-1420

Clermont Senior Services
(513) 724-1255
www.clermontseniors.com

ज्येष्ठ नागरिकमाथि हुने दुर्व्यवहारको रिपोर्ट गर्नुहोस्
दुर्व्यवहार, उपेक्षा र शोषणको रिपोर्ट आफ्नो काउन्टीको वयस्क सुरक्षा सेवा (APS) कार्यालयमा गर्नुहोस् वा राज्यव्यापी हटलाइन (855) 644-6277 मा कल गर्नुहोस्।

- बट्लर: (513) 887-4081 (24 घण्टा)
- क्लेर्मन्ट (513) 536-4085
- क्लिन्टन: (937) 382-2449
- ह्यामिल्टन: (513) 421-5433
- वारेन (513) 695-1423 or (513) 695-1600 (24 घण्टा)

काउन्सिल अन एजिङका स्रोतहरू

- काउन्सिल अन एजिङको वेबसाइट
- काउन्सिल अन एजिङको अनलाइन सिफारिस फारम
- बुझ्न सकिने गरी खोज्न मिल्ने काउन्सिल अन एजिङको  स्रोत निर्देशिका र आवास डाटाबेस

## नोटहरू

**हामीले तपाईंको जीवनमा सकारात्मक प्रभाव पारेका छौँ? अनलाइन समीक्षामा आफ्नो अनुभव सेयर गरेर हाम्रो समुदायमा अझ धेरै मानिसहरूलाई सहयोग गर्न हामीलाई मद्दत गर्नुहोस्। धन्यवाद!**

www.help4seniors.org/review अवधिमा वा QR कोड स्क्यान गर्नुहोस्: